# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २०९ | काठमाडौं | बुधबार, १३ मंसिर २०८० | Prabhab National Daily | Wednesday, November 29, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# घेराबन्दीमा एमाले

- घेराबन्दी गर्नेहरु सत्ता गठबन्धन, पहिचानवादी र दुर्गा प्रसाईं नेतृत्वको समूह
- घेराबन्दी तोड्न एमालेलाई सकस
- आगामी राष्ट्रिय सभा निर्वाचनमा पनि एमालेलाई एक्ल्याउने संकेत





नेपाल र नेपालीको हित नचाहने देशीविदेशी शक्तिहरु एमालेलाई कमजोर पार्न लागेका छन् । यो ठीक होइन ।

**■ पदम गिरी**
**प्रमुख सचेतक, एमाले**



एमालेको मूल नेतृत्व अझै पनि दक्षिणपन्थतिर उन्मुख छन् । नसच्चिएसम्म हातेमालो हुँदैन ।

**■ देवेन्द्र पौडेल**
**सचिव, माओवादी केन्द्र**

**■ जेबी योञ्जन**

**काठमाडौं–** संसद्‌को प्रमुख विपक्षी दल नेकपा एमाले चौतर्फी घेराबन्दीमा परेको छ । घेराबन्दी गर्नेहरू सत्ता गठबन्धन, पहिचानवादीहरू र दुर्गा प्रसाईं नेतृत्वको महाअभियान हुन् ।

मधेसवादी दलहरूको घेराबन्दी भने राजनीतिकरूपमा जनमतका आधारमा एमालेले तोडिसकेको छ । गत निर्वाचनमा मधेसको सर्वाधिक ठूलो शक्ति हुनुलाई एमालेले मधेसवादी दलहरूको घेरा तोडेको अर्थमा व्याख्या गर्दै आएको छ । एमालेलाई अहिले मधेसमा राजनीतिक गतिविधि गर्न सहज पनि छ ।

तर, एमालेमाथि अहिले सत्ता गठबन्धन, पहिचानवादीहरू र प्रसाईं समूहको घेराबन्दी कायमै छ । यसप्रति एमाले असन्तुष्ट छ ।

'मुख्य रूपमा लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्नुपर्छ, प्राप्त राजनीतिक उपलब्धिहरूको रक्षा गर्नुपर्छ, सुशासन र समृद्धिको बाटोमा तीव्र गतिमा देशलाई लानुपर्छ भन्ने धारको नेतृत्व एमालेले गर्दै छ,' एमाले प्रमुख सचेतक पदम गिरीले प्रभावसँग भने, 'तर, नेपाल र नेपालीको हित नचाहने देशीविदेशी शक्तिहरू एमालेलाई कमजोर पार्न लागेका छन् । यो ठीक छैन ।'

एमाले र यस दलका नेताहरूप्रति अहिले कोशीमा पहिचानवादीहरूले प्रतिरोध गरिरहेका छन् । सचिव योगेशकुमार भट्टराईको गाडी शनिबार गृहजिल्ला ताप्लेजुङमा तोडफोड भयो । अध्यक्ष केपी शर्मा ओली र प्रदेशको नाम 'कोशी' राख्ने एमालेसहितका ८२ जना सांसदहरूको विरुद्धमा उनीहरू छन् ।

शुक्रबार पहिचानवादीहरूले विज्ञप्ति जारी गर्दै ओली, भट्टराईसहितका नेताहरू पहिचान विरोधी भएको र आदिवासी जनजातिलाई दबाउन खोजेको भन्दै उनीहरूलाई अभियानमा सहभागी नगराउन चेतावनी दिएका थिए । अभियानमा नभए पनि गृहजिल्ला पुगेका सचिव भट्टराईको गाडी सोही दिन तोड्फोड भयो । यसअघि गत वैशाखको दोस्रो साता ओली गृहजिल्ला झापा हुँदै इलाम, पाँचथर र तेह्रथुम जाँदा पनि पहिचानवादीहहरूले ठाउँ-ठाउँमा ओलीलक्षित ढुंगामुढा गरेका थिए ।

(बाँकी पष्ठ २ मा)

# अधिकारका लागि प्रदेश मन्त्रीहरूको बिन्तीपत्र

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुकमा संघीय शासन प्रणाली सुरु भएको आठ वर्ष पूरा भइसकेको छ । संघीय प्रणालीअनुसार दुई निर्वाचन सम्पन्न भइसकेको छ । तर, संघीयताको मर्मअनुरूपका कानुनहरू नबन्दा प्रदेश सरकार अधिकारका लागि केन्द्रमा धाउन बाध्य भएका छन् ।

त्यो पनि एकपटक होइन, पटक-पटक । प्रदेशले आफ्नो अधिकार नपाउँदा मुठी खोलेर काम गर्न पाएको छैन । जसकारण प्रदेश अहिले संघीयता विरोधीको मुख्य तारो बनेको छ । संघीयता विरोधीले अहिले सडकमा प्रदेश खारेजीको नारा लगाउन थालिसकेका छन् । यस्तो अवस्थामा दबाबमा परेको संघीय सरकारका आन्तरिक मामिला मन्त्रीहरूले संघीय गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग भेटेर प्रदेश प्रहरी ऐन चाँडो कार्यान्वयन ल्याउन माग गरेका हुन् । मंगलबार सिंहदरबारस्थित गृह मन्त्रालयमा भएको भेटमा आफूहरूले संघीय निजामती ऐन छिटो ल्याउन र संघले नचिन्ने कानुनहरू खारेज गर्न माग गरेको बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले बताए । 'प्रदेश स्थापना भएको छ वर्ष भइसक्यो । दोस्रो चुनाव भएर अर्को सरकार आइसकेको छ,' मन्त्री श्रेष्ठले भने, 'संघीय निजामती ऐन छिटो बन्नुपर्‍यो । संघीयता नचिन्ने ऐन खारेज गर्नुपर्‍यो भन्ने हाम्रो माग छ ।'



तस्बिर: रासस

- सातै प्रदेशमा प्रदेशको सुरक्षाका लागि आन्तरिक मामिला मन्त्रालय रहे पनि मन्त्रीलाई प्रहरीको एकजना सिपाहीसमेत परिचालनको अधिकार छैन
- संघीयता कार्यान्वयनको छ वर्ष बितिसक्दासमेत प्रदेशले आफ्नो अधिकार नपाउँदा प्रदेश सरकारप्रति वितृष्ण बढ्दो
- प्रदेशको अधिकार नपाउँदा प्रदेशका मुख्यमन्त्रीदेखि मन्त्रीहरु संघमा धाउँदै बिन्तीपत्र चढाउन विवश

सातै प्रदेशमा प्रदेशको सुरक्षाका लागि आन्तरिक मामिला मन्त्रालय रहे पनि मन्त्रीलाई प्रहरीको एकजना सिपाहीसमेत परिचालनको अधिकार छैन । प्रदेश सरकारको छुट्टै प्रहरी हुने व्यवस्था संविधानले नै गरे पनि संघीयता कार्यान्वयनको छ वर्ष बितिसक्दासमेत कार्यान्वयनमा आउन सकेको छैन । प्रहरी ऐन अहिले संसद्‌मा दर्ता भएर दफावार छलफलको क्रममा छ । यद्यपि केन्द्रको राजनीतिक नेतृत्व यसबारे तयार नभएपछि समायोजन हुन नसकेर प्रदेश सरकार अधिकारविहीन रहेको हो ।

संघीय सरकारले प्रदेशले पाएको अधिकार नदिँदा संघीयतामाथि नै वितृष्ण पैदा भएको विश्लेषक विजयकान्त कर्ण बताउँछन् ।

(बाँकी पष्ठ ३ मा)

## प्रहरी समायोजन छिट्टै टुंग्याउने वचन


प्रधानमन्त्री पुष्पकमल दाहालले संघीय सरकारले प्रहरी समायोजन प्रक्रियालाई अविलम्ब टुंग्याउने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार सातै प्रदेशका गृह तथा आन्तरिक मामिलामन्त्रीसँगको सामूहिक भेटमा दाहालले आन्तरिकरूपमा प्रहरी समायोजनको प्रक्रिया अघि बढिसकेको जानकारी दिएका थिए ।

'छिटोभन्दा छिटो प्रहरी समायोजनलाई टुंग्याउँछौं,' प्रधानमन्त्री दाहालको भनाइ उद्धृत गर्दै बागमती का आन्तरिक मामिलामन्त्री गंगानाराण श्रेष्ठले भने, 'नयाँ सरकार बनिसकेपछि उहाँहरूले हामी प्रक्रियामा प्रवेश गरिसक्यौं, छिटोभन्दा छिटो संविधानले प्रदत्त गरेका अधिकार प्रदेशलाई उपलब्ध गराउँछौं भन्नुभएको छ, हामीले संघीय सरकारसँग अविश्वास गरिरहनुपर्ने अवस्था छैन ।'

**सन्दर्भः वैदेशिक रोजगार**

## दक्षिण कोरियामा नेपाली श्रमिकको माग

# भाषा परीक्षाको आवेदन खुलाउने तयारी




**■ प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले कोरियाको उत्पादनमूलक क्षेत्रमा थप नेपाली श्रमिक पठाउन भाषा परीक्षाका लागि आवेदन माग गर्ने तयारी गरेको छ । कोरियाका साना तथा मझौला उत्पादनमूलक क्षेत्रमा श्रमिक अभाव देखिएको भन्दै माग भएबमोजिम एक हप्ताभित्र भाषा परीक्षा आवेदन आह्वान गर्ने तयारी गरेको हो ।

एचआरडी कोरियाले उत्पादनमूलक क्षेत्रमा श्रमिक लैजाने गरी भाषा परीक्षाका लागि आवेदन माग गर्न आग्रह गरेको इपिएस कोरिया शाखाका निर्देशक गुरुदत्त सुवेदीले बताए । 'केही समय अघिदेखि कोरियाले नेपालबाट लैजाने श्रमिकको संख्या बढाउँदै लगेको छ,' उनले भने, 'साना तथा मझौला उत्पादनमूलक क्षेत्रमा थप श्रमिक आवश्यक रहेको भन्दै भाषा परीक्षाका लागि यसै हप्ता आवेदन माग गर्न आग्रह भएको छ ।'

कोरियाले हाल कृषि, उत्पादन र शिप बिल्डिङका क्षेत्रमा नेपाली श्रमिकको माग गर्दै आएकोमा अब निर्माण र सेवा क्षेत्रमा पनि नेपालीलाई रोजगारीको अवसर दिने तयारी गरेको निर्देशक सुवेदीले बताए । 'यसअघि कोरियाले नेपालबाट कृषि र उत्पादन क्षेत्रमा मात्र नेपाली श्रमिकको माग गर्दै आएकोमा केही अघिदेखी शिप बिल्डिङमा समेत माग गर्न थालेको छ,' उनले भने ।

इपिएस शाखाले सोमबार मात्रै शिप बिल्डिङका लागि भाषा परीक्षा दिएका परीक्षार्थीमध्ये चार हजार ९८ जना उत्तिर्ण भएको नतिजा सार्वजनिक गरेको छ । उनीहरूले पुनः स्किल टेस्ट परीक्षा पास गर्नुपर्ने छ । परिक्षा यही मंसिर २४ गते देखि २८ गतेसम्म हुने शाखाले जनाएको छ । उत्पादनमूलक क्षेत्रका लागि कोटा निर्धारण नभएपनि यसअघि शिप बिल्डिङका लागि भाषा परीक्षामा सामेल भएका परीक्षर्थीले भने आवेदन दिन नपाउने बताइएको छ । हाल उत्पादनमूलक क्षेत्रमा थप नेपाली श्रमिक लैजाने गरी भाषा परीक्षाका लागि आवेदन माग गर्न लागिए पनि कृषि क्षेत्रमा जाने कामदारको सूची अझै रोस्टरमै रहेका कारण अहिले नै आवेदन खुल्ने संभावना नरहेको निर्देशक सुवेदीले बताए ।

पछिल्लो समय कोरियामा श्रमिकको अभाव बढ्दै गएपछि स्थानीय श्रमिक र दक्ष विदेशी श्रमिकका लागि मात्रै आरक्षण गरिएका सेवा तथा निर्माण क्षेत्रमा पनि नेपालीको माग गर्न थालिएको छ ।

(बाँकी पष्ठ २ मा)

## अमेरिका पठाइदिन्छु भन्दै १५ लाख ठगी गर्ने आमाछोरा पक्राउ

काठमाडौं (प्रस)- वैदेशिक रोजगारीका लागि अमेरिका पठाइदिने भन्दै १५ लाख रूपैयाँ ठगी गरेको आरोपमा प्रहरीले आमाछोरालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-१४ घर भएकी ६४ वर्षीया शान्ति श्रेष्ठ र उनका छोरा ३६ वर्षका विशाल श्रेष्ठ छन् ।

उनीहरूले अमेरिका जान ४० लाख रूपैयाँ लाग्ने भन्दै पीडित चन्द्रबहादुर रावलसँग पटक-पटक गरी १५ लाख रूपैयाँ लिएर ठगी गरेको प्रहरीले जनाएको छ । अमेरिकाको एक प्रतिष्ठित कम्पनीमा मासिक तीन लाख रूपैयाँभन्दा बढी तलब हुने गरी काम लागाइदिने प्रलोभनमा पारी रकम लिएर फरार रहेको अवस्थामा श्रेष्ठद्वयलाई पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ । उनीहरूलाई खोजतालासका क्रममा बानेश्वरबाट पक्राउ गरिएको बताइएको छ । दुवै जनालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरेको हो ।

पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले उनीहरूलाई पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका आमाछोरा दुवैजनालाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।

## जाजरकोट भूकम्पको कहर

# त्रिपालमुनि १०७६ सुत्केरी



**■ हेमन्त केसी**

**जाजरकोट–** गत कात्तिक १७ गते राति यहाँको रामीडाँडा केन्द्रबिन्दु बनाएर गएको ६.४ म्याग्निच्युडको भूकम्पबाट घरमा क्षति भएपछि सबैभन्दा बढी सुत्केरी, ज्येष्ठ नागरिक तथा बालबालिका समस्यामा परेका छन् । त्रिपालका सहारामा बस्नुपर्दा चिसोका कारण उनीहरूलाई विभिन्न खालका स्वास्थ्य समस्या देखापरेको छ ।

भूकम्पपीडितको चिसोका कारण ज्यानसमेत गएको छ । भूकम्पबाट ठूलो मात्रामा घरबासविहीन भएका सर्वसाधारण मौसम अनुकूल नहुँदा बिरामी पर्ने गरेको पाइएको छ । अहिले यहाँका स्वास्थ्य संस्थामा उपचारका लागि आउने बिरामीको भीड नै लागेको छ ।

जिल्ला स्वास्थ्य सेवा कार्यालयले उपलब्ध गराएको तथ्यांकअनुसार भेरी नगरपालिकामा ४९ हजार ७२ जनसंख्या प्रभावित भएका थिए । यहाँ भूकम्पमा परी ४२ जनाको मृत्यु भएको थियो भने ५५५ जना घाइते भएका थिए । पाँच वर्षमुनिका चार हजार ११५ बालबालिका भूकम्पबाट प्रभावित भएका थिए भने ६७४ गर्भवती, २८२ सुत्केरी, दुई हजार ८३६ ज्येष्ठ नागरिक, एक हजार ६५ दीर्घरोगी र ४०८ अपांगता भएका व्यक्तिसहित नौ हजार ३८० जनसंख्या भूकम्पको प्रभावबाट जोखिममा छन् । स्वास्थ्य संस्था आठवटा पूर्णरूपमा र आठवटा आंशिकरूपमा भत्किएको पाइएको छ ।

कुशे गाउँपालिकामा २५ हजार ८१५ जनसंख्या प्रभावित भएका थिए । सातजनाको मृत्यु भएको थियो भने २३ जना घाइते भएका थिए । पाँच वर्षमुनिका दुई हजार ९४५ बालबालिका भूकम्पबाट प्रभावित भएका थिए भने ५१५ जना गर्भवती, २३० सुत्केरी, ९२० ज्येष्ठ नागरिक, २७७ दीर्घरोगी र ८८ अपांगता भएका व्यक्तिसहित चार हजार ९७५ जना भूकम्पप्रभावित जोखिममा रहेका छन् । पाँचवटा स्वास्थ्य संस्था पूर्णरूपमा र १३ वटा आंशिकरूपमा भत्किएको पाइएको छ ।

(बाँकी पष्ठ २ मा)

## पृष्ठ १ बाट क्रमशः

### घेराबन्दीमा एमाले....

यसरी पहिचानवादीहरूको प्रतिरोध सामना गरिरहँदा विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं नेतृत्वको समूह पनि एमालेलाई घेराबन्दी गर्न आइपुगेको छ । व्यवस्था परिवर्तनका लागि प्रदर्शन गरिएको भनिए पनि समूह संयोजक प्रसाईं सरकारभन्दा ओली र उनी नेतृत्वको एमालेविरुद्ध बारम्बार खनिँदै आएका छन् । अनेक लाञ्छना पनि लगाउँदै आएका छन् । उनले कात्तिकको तेस्रो साता कम्बोडियाको एक दूरसञ्चार कम्पनीमा अध्यक्ष ओलीको लगानी तीन हजार करोड रहेको आरोप लगाएका थिए । यसको प्रतिवाद ओली र नेता महेश बस्नेतले गरिसकेका छन् । तर, यही ७ मंसिमार प्रसाईं समूहले गरेको प्रदर्शन ओली नेतृत्वको एमाले र सरकारविरुद्ध थियो ।

पहिचानवादीहरूपछि प्रसाईं समूह एमालेलाई घेर्नेगरी सडकमै ओर्लिएको हो । भलै अहिले प्रसाईं समूह शक्ति प्रदर्शन गर्न असमर्थ छ । तर, प्रभावसँग प्रसाईंले ओलीको आलोचना गर्दै भने, 'उहाँ बढी छुद्र हुनुहुन्छ र उहाँको दल एमाले भ्रष्ट र तस्करहरूको हो । म यसविरुद्धमा छु ।'

सत्ता गठबन्धन दलहरू भने एमालेलाई अझै पनि प्रतिगमनको कित्तामा उभिएको शक्ति मान्छन् । संविधानबाट संस्थागत भएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई मास्न खोज्ने र संविधान च्यात्न खोज्ने शक्तिको रूपमा टिप्पणी गर्छन् । यही तर्क अघि सार्दै गठबन्धन दलहरू २९ असार २०७८ देखि एमालेको विरुद्धमा छन् । राष्ट्रिय सभा, स्थानीय, प्रदेश, प्रतिनिधिसभा निर्वाचन एमालेलाई अलग कित्तामा राखेर चुनाव लडे । अहिले देशभरका सबै प्रदेश र संघीय सरकारमा पनि गठबन्धन छ । एमाले प्रमुख विपक्षी दलको हैसियतमा छ । अर्थात् एमाले सत्ताविमुख छ ।

आगामी ११ माघका लागि प्रस्ताव भएको राष्ट्रिय सभा निर्वाचनमा पनि गठबन्धनले एमालेलाई एक्ल्याउन सक्ने सम्भावना देखिएको छ। नेकपा माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेलका अनुसार एमालेसँग राजनीतिक सहकार्य गर्न सकिने आधार तय भइसकेको छैन । उनी भन्छन्, 'एमालेको मूल नेतृत्व अझै पनि दक्षिणपन्थतिर उन्मुख छन् । नसच्चिएसम्म हातेमालो हुँदैन ।'

पौडेलको भनाइले एमालेविरुद्ध गठबन्धन अझै कायम हुने संकेत गरेको छ । उसो त प्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा, जसपा अध्यक्ष उपेन्द्र यादव, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललगायत गठबन्धनका नेताहरूले गठबन्धन पाँचै वर्ष टिक्ने बताउँदै आएका छन् ।

एमालेका अनुसार राष्ट्रवादी शक्तिलाई छेक्ने काम भइरहेको छ । दलका प्रमुख सचेतक गिरीले भने, 'यो देशको प्रगतिशील पार्टी एमाले हो । राष्ट्रवादी शक्ति एमाले हो । जनताको लोकप्रिय पार्टी एमाले हो । यही पार्टीलाई रोक्ने काम भइरहेको छ। तर, यो सफल हुँदैन ।'

एमाले बारम्बार सत्ता गठबन्धन ढाल्न प्रत्यनशील छ । यसअघि कोशी प्रदेशमा कांग्रेसको डा. शेखर कोइराला पक्षलाई हातमा लिएर एमालेले सरकार ढाल्ने कोशिस नै गर्‍यो । अन्तिममा सकेन । अहिले पनि एमाले नेताहरू गठबन्धनले देशलाई दुर्घटनातिर लाने भन्दै आलोचना गरिरहेका छन् ।

### त्रिपालमुनि एक ...

जिल्ला प्रशासन कार्यालय जाजरकोटका प्रशासकीय अधिकृत हरिशचन्द्र शर्माका अनुसार छेडागाड नगरपालिकामा एक हजार ३५२ जनसंख्या प्रभावित भएका थिए । एकजनाको मृत्यु भएको थियो भने पाँचजना घाइते भएका थिए। पाँच वर्षमुनिका ३७२ बालबालिका भूकम्पबाट प्रभावित भएका थिए भने ८६ गर्भवती, ६६ सुत्केरी, २०४ ज्येष्ठ नागरिक, १५ दीर्घरोगी र नौ अपांगता भएकासहित ७४३ जनसंख्या भूकम्पको प्रभावबाट जोखिममा रहेका छन् । आठवटा स्वास्थ्य संस्था आंशिकरूपमा भत्किएको पाइएको छ ।

नलगाड नगरपालिकामा २९ हजार २०९ जनसंख्या प्रभावित भएका थिए । यहाँ ५२ जनाको मृत्यु भएको थियो भने ८६ घाइते भएका थिए । पाँच वर्षमुनिका तीन हजार ३३ बालबालिका भूकम्पबाट प्रभावित भएका थिए भने ३३१ गर्भवती, ३७४ सुत्केरी, एक हजार ४८३ ज्येष्ठ नागरिक, २३४ दीर्घरोगी र २५० अपांगता भएका व्यक्तिसहित तीन हजार ९४४ जना भूकम्पको प्रभावबाट जोखिममा छन् । एक स्वास्थ्य संस्था पूर्णरूपमा र पाँचवटा आंशिकरूपमा भत्किएको पाइएको छ ।

बारेकोट गाउँपालिकामा १९ हजार ६७६ जनसंख्या प्रभावित भएका थिए भने १० जना घाइते भएका थिए । पाँच वर्षमुनिका एक हजार ४९९ बालबालिका भूकम्पबाट प्रभावित भएका थिए भने १८१ गर्भवती, ७५ सुत्केरी, ४३९ ज्येष्ठ नागरिक, २२३ दीर्घरोगी र ४५ अपांगतासहित दुई हजार ४१७ जनसंख्या भूकम्पको प्रभावबाट जोखिममा छन् । पूर्णरूपमा एक र आंशिकरूपमा चार स्वास्थ्य संस्था भत्किएका छन् । भूकम्पबाट शिवालय गाउँपालिका ११ हजार ८४३ जनसंख्या प्रभावित भएका थिए । दुई जना घाइते भएका थिए । पाँच वर्षमुनिका ४६२ बालबालिका भूकम्पबाट प्रभावित भएका थिए भने ४९ गर्भवती, दुई सुत्केरी, ५१ ज्येष्ठ नागरिक, दीर्घरोगी र अपांगतासहित ४४६ जनसंख्या भूकम्पको प्रभावबाट जोखिममा रहेका छन् । दुईवटा स्वास्थ्य संस्था आंशिकरूपमा भत्किएको पाइएको छ ।

भूकम्पबाट जुनिचाँदे गाउँपालिकामा एक हजार ९५० जनसंख्या प्रभावित भएका थिए । पाँच वर्षमुनिका ७८ बालबालिका भूकम्पबाट प्रभावित भएका थिए भने ४७ जना गर्भवती, ४७ सुत्केरी, ९३ ज्येष्ठ नागरिक, १८ दीर्घरोगी र २२ अपांगतासहित २८३ जनसंख्या भूकम्पको प्रभावबाट जोखिममा रहेका छन् । पन्ध्रवटा स्वास्थ्य संस्था आंशिकरूपमा भत्किएका छन् ।

भूकम्पबाट एक लाख २८ हजार ९१७ जना प्रभावित भएको पाइएको छ । भूकम्पपछि प्रभावित जोखिम जनसंख्या २२ हजार २०६ रहेको छ । पाँच वर्षमुनिका १२ हजार ४०४ बालबालिका प्रभावित भएका छन् । एक हजार ८८३ गर्भवती त्रिपालमा बस्न बाध्य छन् । त्यसैगरी एक हजार ७६ जना सुत्केरी त्रिपालको सहारामा खुला आकाशमा बस्न बाध्य छन् । एक हजार ८३२ दीर्घरोगी, ८५० जना अपांगता भएका व्यक्ति पनि समस्यामा छन् । पूर्णरूपमा १५ वटा स्वास्थ्य संस्थामा क्षति पुगेको छ भने आंशिक ५५ वटामा क्षति भएको छ ।

#### विवरण अझै संकलन हुँदै

मंसिर ७ गतेभित्र पालिकाले क्षतिको विवरण जिल्ला विपद् व्यवस्थापन समितिलाई पठाउन अनुरोध गरे पनि अझै विवरण आउन सकेको छैन । पालिकाले भने मंसिर १० गतेसम्म विवरण पठाउन समय माग गरेका थिए । छरिएर रहेका घर, एक ठाउँबाट अर्को ठाउँमा पुग्न धेरै समय लाग्ने भएकाले तथ्यांक संकलन गर्न समय लागेको पालिकाका प्रमुखले बताएका छन् ।

पटक-पटक बदलिने कार्यविधिका कारण पनि तथ्यांक संकलनमा विलम्ब भएको स्थानीय तहले बताएका छन् । अबको दुई दिनभित्र सबै विवरण आउने सम्भावना रहेको जिल्ला प्रशासन कार्यालय जाजरकोटका प्रशासकीय अधिकृत शर्माले बताए । *रासस*

### भाषा परीक्षाको...

यसका लागि कोरियाले सेवा तथा निर्माण क्षेत्रमा विदेशी श्रमिकले रोजगारी गर्न नपाउने कानुनी प्रावधानलाई संशोधन गरेर इपिएसअन्तर्गतका श्रमिकलेसमेत काम गर्न पाउने व्यवस्था गरिएको छ ।

कोरियाले २०२४ का लागि एक लाख ६५ हजार कोटा निर्धारण गरी ईपीएसअन्तर्गत विदेशी श्रमिक माग गर्ने निर्णय गरेको छ । गत हप्ता कोरियाको प्रवासी मजदुर नीति निर्धारण समितिको बैठकले उक्त कोटा निर्धारण गरेको हो । कोटा अनुसार उत्पादनमूलक क्षेत्रमा ९५ हजार, कृषि तथा पशुपालन क्षेत्रमा १६ हजार, शिप बिल्डिङमा पाँच हजार, निर्माण क्षेत्रमा छ हजार, सेवा क्षेत्रमा १३ हजार र अन्य विविध क्षेत्रमा ३० हजार विदेशी श्रमिक आपूर्ति गरिने बताइएको छ । कोरियामा विभिन्न १६ देशबाट इपिएसमार्फत श्रमिक लैजाने गरिन्छ । जसमध्ये कोरियाली रोजगारदाताले नेपाली श्रमिकलाई बढी रुचाएका कारण आगामी दिनमा नेपालबाट जाने श्रमिकको संख्या उल्लेख्य बढ्ने शाखाको पछिल्लो तथ्यांकले देखाएको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MENG CHOON FOOD INDUSTRIES SND BHD

पुर्व स्वीकृति मिति २०७९/03/20 पुन स्वीकृति मिति २०८०/०८/१२ LT. No. 266525 चलानी नं. ६०१८२४९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 35 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० मंसिर २० गते (6th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BIGYAN Govt. License 1503/074/75

BIGYAN HR MANAGEMENT PVT. LTD.

Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOUTHERN PACKAGING SDN BHD शहर : Pahat पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२२/०७/११ पुन विज्ञापन स्वीकृति मिति : २०२३/११/२८ LT. No. 267196 चलानी नं . ६०१८३१७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 60 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SOUTHERN CORRUGATED SDN. BHD. शहर : Kapar पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२२/०७/०७ पुन विज्ञापन स्वीकृति मिति : २०२३/११/२८ LT. No. 266823 चलानी नं . ६०१८२८५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० मंसिर २० गते (6th Dec. 2023) मा हुनेछ ।

कम्पनी : HELIOUS SECURITY SERVICES SDN.BHD. शहरः Selangor पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२३/०३/१६ पुन विज्ञापन स्वीकृति मिति : २०२३/११/२८ LT. No. 282540 चलानी नं . ६०१९८१७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० मंसिर २० गते (6th Dec. 2023) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः ब्रान्स अफिस, इटहरी, सुनसरीमा मितिः २०८० मंसिर २१ गते (7th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निः शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)

Sallaghari Marg, Bansbari, Kathmandu
Tel:-+977 4372262, 4375012
Email:-skypower.rec@gmail.com

श्रम ईजाजत नं. १२७५/०७४/७५



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIVATE LIMITED COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०७/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१२ LT. No. 274664 चलानी नं. ६०१९०३२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning | 1 | 0 | 1000 | ३५,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० मंसिर २० गते (6th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD

श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com


## जोशीपुर गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

जोशीपुर,कैलाली

सुदुरपश्चिम प्रदेश ,नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः२०८०/०८/१३)

यस कार्यालयबाट मिति २०८०।०७।०३ मा PPMO को E–Procurement Portal मा प्रकाशित सुचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपशिल बमोजिमका बोलापत्रहरू न्युनतम मुल्याङकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ को प्रयोजनार्थ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सुचना सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु (भ्याट र PS बाहेक) |
|---|---|---|---|---|
| १ | 1/JRM/NCB/ WORKS/2080/081 | Pakariya Dekhi Lokhari Hudai Ghusari Jane Bato Kalopatre Joshipur Gaupalika 6 ra 2 | Better Life Construction, Tikapur Kailali | 15,22,840.00 |
| २ | 2/JRM/NCB/ WORKS/2080/081 | Prathamik Swasthya Kendra Muddi Dekhi Mainpokhari Jodne Kalopatre Wada no.2 ra 5 | Nidim Nirman Sewa ,Tikapur-Kailali | 64,30,888.00 |

प्रमुख प्रशासकीय अधिकृत

## मण्डनदेउपुर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

महादेवस्थान, काभ्रेपलाञ्चोक

फोन नं. ०११४१२११३

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१३)

यस नगरपालिकाको निम्न मितिका सूचना बमोजिम यस नगरपालिका भित्र रहेका तपसिल बमोजिमको योजनाहरुको निर्माण कार्यको लागि अनलाइन मार्फत प्राप्त बोलपत्रहरुको प्राविधिक र आर्थिक प्रस्ताव निम्न मितिमा खोलिएको र उक्त बोलपत्रहरुको प्राविधिक र आर्थिक प्रस्ताव मुल्यांकन गरि मुल्यांकन समितिले प्रक्रियागत रुपमा पेस गरेको प्रतिवेदन अनुसार सारभुतरुपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिलका योजनाहरुको लागी तपसिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्य नं | सूचना मिति | प्राविधिक प्रस्ताव खोलिएको मिति | योजनाको नाम | प्रस्तावदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|
| 03/Works/NCB/ MDM/080/81 | २०८०/०६/२२ | २०८०/०७/२२ | Sipaghat Higuwapati Fedi Baikalpik Sadak | Unique Construction Melamchi | रु (७९७५६६।४४९ सन्तानब्बे लाख सन्तानब्बे हजार पाँच सय छ्यासट्ठी रुपैया चौवालिस पैसा मात्र) |
| 04/Works/NCB/ MDM/080/81 | | | Wada no.8 ka bibhinna yojanaharu | Maskey Construction Kavrepalanchok | रु १८२२४३९।३३ (अठार लाख बाइस हजार चार सय उन्नान्चालिस रुपैया तेतिस पैसा मात्र) |
| 05/Works/NCB/ MDM/080/81 | | | Baikalpik Sadak-Dodeni-Mulachauir-Mulabar | Shrestha Nirman Sewa, Panchkhal, Kavre | रु २६१९७६६।७७ (छबिस लाख उन्नाइस हजार सात सय छैसठी रुपैया सत्तहतर पैसा मात्र) |
| 06/Works/NCB/ MDM/080/81 | | | Ward No-7 Ka Bibhinna Yojanaharu | Maskey Construction Kavrepalanchok | रु १७१२०८३।८३ (सत्र लाख बाह्र हजार त्रियासी रुपैया त्रियासी पैसा मात्र) |
| 07/Works/NCB/ MDM/080/81 | | | kolachaur-deurali-rampur sadak gravel yojna | B.G.Construction Sudal-9, Bhakatpur | रु २४११८६९।५ (चौबिस लाख एघार हजार आठ सय उन्नासाठ्ठी रुपैया पचास पैसा मात्र ) |
| 08/Works/NCB/ MDM/080/81 | | | Ward no.1 ka bibhinna yojanaharu | M.S Construction, Joshigau, Kavre | रु २२२६६८२।०९ (बाइस लाख छबिस हजार छ सय बयासी रुपैया नौ पैसा मात्र) |
| 12/Works/NCB/ MDM/080/81 | २०८०/०७/०३ | २०८०/०८/०६ | Interior Work and Carpet Parda of Municipal Office Building | Global International Traders Gotathar | रु २८३८७४८।१३ (अठाइस लाख अड्तीस हजार सात सय अडचालिस रुपैया तेह्र पैसा मात्र) |

पृष्ठ १ बाट क्रमशः

## अधिकारका लागि...

'संघले शक्ति सबै केन्द्रमै खिचेर राखेको छ,' पूर्वराजदूतसमेत रहेका कर्ण भन्छन्, 'अनि प्रदेश त्यसै कमजोर हुने नै भयो नि ।' मुख्यगरी तीन दलका शीर्ष नेताहरू यसको दोषी रहेको उनको आरोप छ । 'प्रधानमन्त्री पुष्पकमल दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीले नै संघीयताको घोर उल्लंघन गरिरहेका छन्,' कर्णले भने ।

प्रहरीलाई संघीय संरचनामा समायोजन गर्न पुरानो अञ्चल प्रहरी कार्यालय हटाएर गम्भीर प्रकृतिका अपराध अनुसन्धानदेखि केन्द्रको प्रतिनिधिका रूपमा रहने गरी एसएसपीको नेतृत्वमा संघीय प्रहरी एकाइ बनाइएको छ । ती एकाइ पनि अहिले अधिकारविहीन अवस्थामा छन् । प्रदेश सरकारहरूले संघी सरकारलाई दबाब दिन आफ्नै ऐन बनाए भने भेलासमेत गरे ।

मुख्यमन्त्रीहरूले पनि बेलाबेला प्रधानमन्त्रीहरूलाई भेटेर यसबारे झक्झक्याउने गर्छन् । यस विषयमा प्रदेशका मन्त्रीहरूले मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेरै ध्यानाकर्षणपत्र बुझाएका छन् ।

'संविधानसभाबाट संविधान घोषणा भएको आठ वर्ष बितिसक्दा पनि प्रदेश सरकारले संविधानको एकल अधिकारको सूचीमा रहेको आफ्ना अधिकारहरू प्रयोग गर्न नपाएको कारणले प्रदेशको शान्ति सुरक्षा, सुशासन, विकास र समृद्धिलगायतका विषयहरू कार्यान्वयनमा समस्या उत्पन्न भएको व्यहोरा सम्माननीयज्यूलाई अवगत नै छ,' ज्ञापनपत्रमा भनिएको छ, 'संघीयताको मेरुदण्डको रूपमा रहेका प्रदेशहरूलाई जति छिटो संस्थागत र सुदृढ गर्न सकिन्छ, त्यति छिटो संविधानको मर्मबमोजिम समाजवादको लक्ष्यमा पुग्न सकिन्छ । सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्रदेशलाई अधिकार सम्पन्न बनाउन र संघीयतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि सार्वजनिक प्रतिबद्धतासमेत व्यक्त भइरहेको विशेष अवस्थासमेतलाई हृदयंगम गर्दै, सम्माननीय प्रधानमन्त्रीज्यूले नेतृत्व गरिरहनुभएको वर्तमान संयुक्त सरकारले २०७९ चैतमा सार्वजनिक गरेको साझा न्यूनतम कार्यक्रममा प्रदेशसँगको समन्वयमा प्रदेश प्रहरी समायोजनको काम यथाशीघ्र सम्पन्न गर्ने प्रतिबद्धता गरिएको कुरासमेत स्मरण गराउँदै सम्माननीयज्यूको अविलम्ब ध्यानाकर्षणका लागि अनुरोध गर्दछौं ।'

मन्त्रीहरूले प्रधानमन्त्रीलाई बुझाएको पत्रमा प्रहरी कर्मचारी समायोजन ऐन २०७६ र नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन २०७६ संघीय संसद्बाट पारित भएर २०७६ माघ २८ गते प्रमाणीकरण भइसक्दा पनि संविधानको अनुसूची ६ बमोजिम नेपाल सरकारले प्रहरी समायोजन गरी प्रदेश सरकारलाई हस्तान्तरण नगर्दा संविधानले प्रदान गरेको प्रदेशको शान्ति, सुरक्षाजस्ता प्रदेशको एकल अधिकारको विषय प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको उल्लेख गरिएको छ । 'अतः संघीय संसद्ले पारित गरिसकेको ऐनको मर्म र भावनाअनुसार अविलम्ब प्रहरी समायोजन गरी प्रदेश सरकार मातहत ल्याउन समायोजनका लागि आवश्यक निर्देशन र सहजीकरणका लागि सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छौं,' ज्ञापनपत्रमा थप भनिएको छ, 'अन्त्यमा, सम्माननीय प्रधानमन्त्रीज्यूबाट माथि उल्लेखित विषय यथाशीघ्र सम्बोधन हुनेगरी प्रक्रिया अगाडि बढाइ संविधानको मर्म र भावनाअनुरूप प्रदेशलाई अधिकार सम्पन्न बनाउन र संघीयतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि विशेष अनुरोध गर्दछौं ।'

प्रधानमन्त्रीसँग ज्ञापनपत्र बुझाउन मन्त्री श्रेष्ठ, मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री मोहम्मद समिम, लुम्बिनीका गृह, सञ्चार तथा कानुनमन्त्री सन्तोष कुमार पाण्डे, कर्णालीका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्ण बहादुर जिसी, सुदूरपश्चिमका आन्तरिक मामिला तथा कानुनमन्त्री शिवराज भट्ट पुगेका थिए । त्यसैगरी गण्डकीकी ऊर्जा, जलश्रोत तथा खानेपानीमन्त्री सरस्वती अर्याल तिवारी र कोशीका विनाविभागीय मन्त्री शमशेर राई प्रतिनिधिका रूपमा उपस्थित थिए ।

# एनआरएनएको पुनः निर्वाचन गर्न माग

**काठमाडौं (प्रस)–** गैरआवासीय नेपाली संघ (एनआरएनए) को राजेन्द्रकुमार (आरके) शर्मा समूहले पुनः निर्वाचनको माग गरेको छ । अनलाइन प्रणालीमार्फत गत महिना सम्पन्न संघको निर्वाचनमा योजनाबद्धरूपमा धाँधली भएको आरोप लगाउँदै सो समूहले पुनः निर्वाचनको माग गरेको हो ।

निर्वाचन प्रक्रियाअन्तर्गत प्रतिनिधि छनोटदेखि मतदान र नतिजा सार्वजनिक हुँदासम्म योजनाबद्धरूपमा धाँधली भएकाले पुनः निर्वाचनको माग गरिएको उक्त समूहले मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

संघका अध्यक्षको प्रत्यासी आरके शर्माले एनआरएनएको एकता, विश्वसनीयता, तटस्थता र सुदृढीकरणका पक्षमा जस्तोसुकै त्याग गर्न आफू तयार रहेको स्पष्ट गर्दै निर्वाचनपछि उत्पन्न विवादका सन्दर्भमा सम्बद्ध सरकारी निकायलाई जानकारी गराउँदा पनि सुनुवाइ नभएको गुनासो गरे । सो समूहका बुद्धिसागर सुवेदीले विश्वभर छरिएर रहेका गैरआवासीय नेपालीको साझा संस्थाका रूपमा रहेको संघलाई अझ विश्वसनीय र सुदृढ तुल्याउन पुनः निर्वाचन हुनुपर्ने धारणा व्यक्त गरे ।

सो समूहले गैरआवासीय नेपाली नागरिकता व्यवस्था गरेकामा नेपाल सरकारलाई धन्यवाद दिँदै पहिलो पुस्ताका नेपालीलाई वंशजको आधारमा नागरिकता उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गरेको छ । जाजरकोट भूकम्पपीडितलाई यथासक्य राहत सहयोग उपलब्ध गराएको उल्लेख गर्दै एनआरएनएले आगामी दुई वर्षभित्र १० करोड रूपैयाँ राशीको आपत्कालीन राहत तथा उद्धार कोष बनाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

# बालिका हत्या आरोपी भारतीय नागरिक जेल चलान

**जानकी, बाँके (प्रस)–** बालिका हत्याका आरोपी भारतीय नागरिक जेल चलान भएका छन् । बाँके जिल्ला अदालतले सोमबार पुर्पक्षका लागि भारतको बहराइच थाना रूपैडिया तहशिल नानपारा ग्राम बाबागञ्जका ३० वर्षीय महेश चौहानलाई जेल चलान गरेको हो ।

बाँके प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक नारायण डाँगीका अनुसार भारतीय नागरिक चौहान बाँकेमा रहेको ससुरालीमा विगत १० वर्षदेखि बस्दै आएका थिए । चौहानले डुडुवा गाउँपालिका-१ टेपरीस्थित रामकुमार बाहुनको खेतमा गत कात्तिक १४ गते साग टिपिरहेकी १४ वर्षीया रीता हरिजन भन्ने शिलाबति चमारको मुख थुनेर हत्या गरेको प्रहरी प्रवक्ता डाँगीले बताए ।

उनका अनुसार अभियुक्त चौहानले प्रहरीसमक्ष आफूले शिलाबति चमारलाई खेतमा साग टिपिरहेको अवस्थामा मुख थुनेर हत्या गरेको स्वीकार गरेका छन् । शव परीक्षण प्रतिवेदनमा पनि उक्त कुरा खुल्न आएको प्रहरीले जनाएको छ ।

चौहानले चमारको हत्यापश्चात् नजिकै टयाक्टरले खेत जोतिरहेको ठाउँमा लगी सोही टयाक्टरको फालिले हिर्काइ खेतमा एउटा खुट्टा बाहिर देखिने गरी पुर्ने प्रयास गरेका थिए । अभियुक्त चौहानले घट्नालाई तोडमोड गर्नका लागि खेत जोत्दा शव फेला परेको भन्ने भ्रम फैलाएका थिए । अनुसन्धानका क्रममा प्रहरीले घटनास्थलबाट करिब १.५ किलोमिटर टाढाबाट भाग्दै गरेको अवस्थामा अभियुक्त चौहानलाई पक्राउ गरेका थिए ।

पीडकविरुद्ध गत कात्तिक १६ गते म्याद थप गरी अनुसन्धान जारी राखेको प्रहरीले नाबालिकाको मृत्यु शंकास्पद देखिएकाले अनुसन्धान गर्न बाँके प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक सुवास बोहरा एसओसिओ अफिसर र तालिम प्राप्त कुकुरसहितको टोली लिएर घट्नास्थलमा पुगेका थिए ।

अभियुक्तविरुद्ध पीडित परिवारले जाहेरी नदिएकै कारण प्रहरी आफैंले घटनाको अनुसन्धान प्रक्रिया अघि बढाएको प्रहरी प्रमुख बोहोराले जानकारी दिए । बाँके प्रहरीका अनुसार शिलाबत्ती चमारको शव माटोमुनी गाडिएको अवस्थामा भेटिएको थियो ।

## Invitation for Bids
## Marma Rural Municipality
### Office of Rural Municipal Executive
### Latinath, Darchula

## Invitation for Bids No: MARMA/NCB/Works/4/2080/081

**Date of publication: 2080/8/13**

1. Marma Rural Municipality, Latinath, Darchula has allocated funds towards the cost of Construction of Tapowan Ma.Vi Parpada Building ,Marma-4 Darchula and intends to apply part of the funds to cover eligible payments under the Contract for MARMA/NCB/Works/4/2080/081. Bidding is open to all eligible as per Section V of bidding document.
2. Marma Rural Municipality, Latinath, darchula invites electronic bids from eligible bidders for the construction of Construction of Tapowan Ma.Vi Parpada Building ,Marma-4 Darchula under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

   **Only eligible bidders with the following key qualifications should participate in this bidding:**

   • Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years:

   NRs. 3,68,00,000 (Three Crore Sixty Eight Lakhs Only)

   • Minimum Work experience of similar size and nature: At least one contract of government project of building construction work within last 10 years with a value of at least NRs. 1,48,00,000 (One Crore Forty Eight Lakhs Only)
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Document at the office of Marma Rural Municipality, Latinath, Darchula, Email: rm.marma.darchula@gmail.com, Phone No.: 9840196763, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp .
5. Bidders should download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document i.e. NRs. 5000 (Five Thousand Only) in the Project's Rajaswa (revenue) account as specified below .

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank: Sunrise Bank Ltd**

   **Office Account no.: 0830552746703006**

   **Name of Office: Marma Rural Municipality, latinath, Darchula**
6. Sealed or electronic bids must be submitted to the office of Marma Rural Municipality, Latinath, darchula through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12 Noon on 2080/9/13. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 2080/9/13 at the office of Marma Rural Municipality, Latinath, darchula. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of NRs. 10,00,000 (Ten Lakhs Only) which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**CHIEF ADMINISTRATIVE OFFICER**

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०/०८/१३)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/०८/१९

**बोलपत्र खोलिने मिति**
२०८०/०८/२० दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| १. | धितो कर्जा | **१) ऋणीहरु : रीता श्रेष्ठ वैश्यत र संजय मान वैश्यत**<br>ठेगाना : सिद्धार्थनगर ०७, रुपन्देही<br>**(क) रीता श्रेष्ठ वैश्यत**<br>(ना.प्र.नं. ६३, मिति २०४४/११/२४ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>पति : संजय मान वैश्यत<br>ससुरा : गणेश मान वैश्यत<br>**(ख) संजय मान वैश्यत**<br>(ना.प्र.नं. ३७-०१-७४-१९५१४, मिति २०७४/१२/३० मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>बाबु : गणेश मान वैश्यत<br>बाजे : सूर्यमान वैश्यत | रीता श्रेष्ठ बैश्यतको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, पडसरी गा.वि.स./न.पा. वडा नं. ०४ (क) स्थित कि.नं. १५३ (०-०-३ विगाहा), कि.नं. १९४ (०-०-७ विगाहा), कि.नं. १९३ (०-०-५ विगाहा), कि.नं. २६४ (०-१-१५ विगाहा), कि.नं. २०४ (०-०-९ विगाहा), कि.नं. २०३(०-०-६ विगाहा), कि.नं. ४१३ (०-०-८.५ विगाहा) र कि.नं. ५१० (०-०-३ विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । |
| २. | अधिविकर्ष कर्जा | **२) ऋणी : अमृत इन्टरनेशनल**<br>प्रा.फ.र.नं. : ६४२/०६५/०६६<br>ठेगाना : भरतपुर ०४, चितवन<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. अमृत श्रेष्ठ**<br>(ना.प्र.नं. ४६३८७, मिति २०५५/०४/०६ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको)<br>बाबु : डिल्ली कुमार श्रेष्ठ<br>बाजे : टिका प्रसाद श्रेष्ठ<br>**२. मालती श्रेष्ठ**<br>(ना.प्र.नं. ८३४१९, मिति २०६२/०७/२८ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको)<br>पति : अमृत श्रेष्ठ<br>ससुरा : डिल्ली कुमार श्रेष्ठ<br>**३. देव लक्ष्मी श्रेष्ठ**<br>(ना.प्र.नं. ३४, मिति २०४६/०१/३० मा जि.प्र.का. पाल्पाबाट जारी भएको)<br>पति : डिल्ली कुमार श्रेष्ठ<br>ससुरा : टिका प्रसाद श्रेष्ठ<br>**४. डिल्ली कुमार श्रेष्ठ**<br>(ना.प्र.नं. १०५७ मिति २०३४/०५/२९ मा जि.प्र.का. पाल्पाबाट जारी भएको)<br>बाबु : टिका प्रसाद श्रेष्ठ<br>बाजे : बिष्णु प्रसाद श्रेष्ठ | देव लक्ष्मी श्रेष्ठको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, गैडाकोट गा.वि.स./न.पा. वडा नं. ०२ (क) स्थित कि.नं. ६७१० (०-२-१-१ रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । |
| ३. | अधिविकर्ष कर्जा | **३) ऋणी : चण्डीश्वरी यु.पि.भि.सी. आल्मुनियम एण्ड स्टील हाउस**<br>प्रा.फ.नं. : ३९२/३४८/०७७/०७८<br>ठेगाना : पुतलीबजार ०३, स्याङ्जा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. संजय थापा**<br>(ना.प्र.नं. ३९९०१, मिति २०५४/०४/२१ जि.प्र.का. स्याङ्जाबाट जारी भएको)<br>बाबु : कृष्ण बहादुर थापा मगर<br>बाजे : नेत्र बहादुर थापा मगर<br>**२. कृष्ण बहादुर थापा मगर**<br>(ना.प्र.नं. ४१३०, मिति २०४२/०७/२६ जि.प्र.का. स्याङ्जाबाट जारी भएको)<br>बाबु : नेत्र बहादुर थापा मगर<br>**बाजे : लेस मान थापा**<br>३. विष्णु थापा<br>(ना.प्र.नं. ६६७७, मिति २०४५/०२/२७ जि.प्र.का. स्याङ्जाबाट जारी भएको)<br>पति : कृष्ण बहादुर थापा मगर<br>ससुरा : नेत्र बहादुर थापा मगर | विष्णु थापाको नाममा स्याङ्जा जिल्ला मालपोत कार्यालय स्याङ्जामा दर्ता कायम रहेको स्याङ्जा जिल्ला, पुतलीबजार गा.वि.स./न.पा. वडा नं. ०६ स्थित कि.नं. ९०६ (०-४-३-२ रोपनी) र कि.नं. ९१८ (०-२-२-३ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । |
| ४. | डिमाण्ड कर्जा | **४) ऋणी : श्रीया भैरहवा स्टोर्स**<br>प्रा.फ.र.नं. : ५१२१७/०७८/७९<br>ठेगाना : सिद्धार्थनगर १३, रुपन्देही<br>**व्यक्तिगत जमानतकर्ताहरु :**<br>**१. सुजना गुरूङ्ग**<br>(ना.प्र.नं. ३७ १०२३/४०६९०, मिति २०६६/११/२६ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>पति : विशाल गुरुङ्ग<br>ससुरा : दल बहादुर गुरुङ्ग<br>**२. विशाल गुरूङ्ग**<br>(ना.प्र.नं. ८६२६, मिति २०५४/०३/२५ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>बाबु : दल बहादुर गुरुङ्ग<br>बाजे : सेते गुरुङ्ग<br>**३. शिवा गुरूङ्ग**<br>(ना.प्र.नं. ३७१०२३/२/३७४९९, मिति २०६५/०९/०९ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>बाबु : दल बहादुर गुरुङ्ग<br>बाजे : सेते गुरुङ्ग | सृजना गुरुङ्गको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ स्थित कि.नं. २३४ (८४.६५ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

प्रभाव दैनिक
National Daily

म्पादकीय

# किचलो निम्त्याउने देउवाको बोली

मुलुकको प्रमुख राजनीतिक दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले धर्मनिरपेक्षताबारे सल्लाह गर्न सकिने बताउँदै राजनीतिमा किचलो ल्याउने संकेत गरेका छन् । कांग्रेसकै नेतृत्वमा देश संघीयतामा जाँदा धर्मनिरपेक्ष राष्ट्र बनेको थियो । तर, अहिले संघीयताको मर्मअनुरूप कानुन नबन्दा व्यवस्थाप्रति प्रश्न उठ्न थालेको बेला शीर्ष नेताले हिन्दु राष्ट्रको पक्षमा लबिइङ गरेको हो । कांग्रेसको एउटा खेमा जसरी पनि हिन्दु राष्ट्र हुनुपर्ने भन्दै चर्को आवाज गरिहेका छन् ।

संघीयता अहिले कार्यान्वयनका चरणमा छ । यस्तो बेला केही व्यक्तिले मुढेबलका आधारमा व्यवस्था नै फेरौं भनी नारा लगाउँदा प्रमुख दलका शीर्ष नेताले विचार गरेर बोल्नुपर्ने हो । तर, जता हावा चल्छ, त्यतै पात हल्लेझैँ देउवाले धर्मनिरपेक्षताबारे सोच्न सकिने बताउनु सरासर गैरजिम्मेवार अभिव्यक्ति हो । यसले अबका दिनमा राजनीतिक विवाद सिर्जना हुने पक्कै निश्चित छ । नेपाललाई हिन्दु राष्ट्रको परिचय दिएर सांसरभर चिनाउने एकथरी नेताहरूको दाबी छ । तर रिलेजिअस आइडेन्टीले मात्र देश बन्दैन । यसका लागि शान्ति र अमनचयन कायम हुनुपर्छ । नेपाली पहिल्यैबाट धार्मिक सहिष्णुता कायम गर्दै आएको भूमि हो ।

केही धर्म प्रचारका विषयमा असन्तुष्टि हुनु बेग्लै कुरा हो, तर व्यवस्था नै फेरिने गरी यस विषयमा मुद्दा उठाउनु भने जायज हुन्न । धर्मको विषयमा व्यवस्था उल्टँदा पूर्वमा किरात धर्मदेखि पश्चिममा बौद्धमार्गीसम्मले यस विषयमा असन्तुष्टि जनाउन सक्छन् । जसले गर्दा देशमा धार्मिक द्वन्द्व हुन सक्ने खतरा छ । त्यसैले कुनै मुलुकको दबाबमा परेर वा आफ्नो नातेदारको पद सुरक्षित हुनेगरी यस्तो विषयमा मत राख्नु ठीक हुन्न । नेताले चाहेर व्यवस्था परिवर्तन हुने होइन । जनताले लामो समय संघर्ष गरी प्राप्त गरेको व्यवस्था नै उल्टाउने गरी केही नेता कोठामा बसेर व्यवस्था परिवर्तनको सवालमा बोल्नु झनै सही हैन । जनताले चाहेको धर्मका कुरा र शासन होइन, अहिले जनताले चाहेको सुशासन हो । विकास हो । गाउँमै रोजगारी हो । आर्थिक समृद्धि हो । तर नेताहरूले दिशा दिन नसक्दा अहिले आर्थिक अवस्था ओरालो लाग्दो छ । रोजगारी नपाउँदै दैनिक विदेशिनेका लर्को लागेको छ । गुणस्तरीय शिक्षा दिन नसक्दा युवा विद्यार्थी विदेश लागिसकेका छन् । विकासको नाममा ठेक्कापट्टका कारण हुने भ्रष्टाचारको विषय कहालीलाग्दो छ । हो यस्तो विषयमा दिशानिर्देश गर्ने हो शीर्ष नेताले, धर्म र जातीय कुरा गरेर जनता जुधाउने हैन ।

# श्रवणदृष्टिविहीन अपांगताको समस्या र राज्यको जिम्मेवारी



पदम श्रेष्ठ

अपांगता हुनु जन्मजात वा रोग, दुर्घटना आदि कारणबाट हुने गर्दछन् । यस हिसावबाट अपांगता तपाईं हामी जुनसुकै बेला जोसुकै पनि हुन सक्दछौं । राज्य आमनागरिकका अभिभावकसमेत भएकोले अपांगताको तह हेरी दिइने भत्ता र सुविधाहरूको व्यवस्था हुनु स्वागतयोग्य भए पनि पर्याप्त र दीर्घकालीन नभएको अपांगता भएका स्वयंले बताइरहेको अवस्थामा दृष्टिश्रवण अपांगता भएका व्यक्तिको बारेमा सरकार, समाज र परिवार अझै संवेदनशील हुन जरूरी देखिएको छ ।

हामी एक पटक एकसाथ कान र आँखा बन्द गरी कुनै एक गन्तव्यतर्फ हिँड्ने प्रयत्न गरौं त ! संसार नै अन्धकार र शून्य पाउँछौं । सुन्न र देख्न सक्नेलाई एक्कासि आँखा र कान बन्द गरी केहीबेर यताउता गर्‍यौं भने पनि रिंगटा लाग्ने, अत्तालिने गरेको कुरा आफ्नै अनुभूतिबाट पनि थाहा पाउन सकिन्छ । श्रवणदृष्टिविहीनता भएका व्यक्तिहरूको अनुभव आदानप्रदान गोष्ठीमा सहभागीहरूले अनुभूति व्यक्त गरेका सवालहरू हुन् यी । श्रवणदृष्टिविहीनता भन्नाले सुन्न र देख्नसमेत नसक्ने अपांगता भएका व्यक्ति भनेर बुझिन्छ ।

